नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २२७ २०८१ साल बैशाख १ गते शनिबार (13 Apr. 2024 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा महाकुम्भ मेला र.. ३ पृष्ठमा : सुनकोसी मरिण डाइभर्सनः ... ३ पृष्ठमा रमजानको समयमा लुटपाटक ...

# कोशी नहरमा कार खस्दा एक बालकको मृत्यु, एकै परिवारका १० जना घाइते



**दैनिक समाचारदाता**
**राजविराज, ३० चैत ।**

बिहीबार साँझ आएको हावाहुरीको समयमा कोशी नहरमा कार अनियन्त्रित भई खस्दा एक बालकको मृत्यु भएको छ भने एकै परिवारका १० जना घाइते भएका छन् ।

इद पर्वको अवसर पारेर कोशी ब्यारेज घुम्न हिडेका प्रदेश३-०१-०२२च.१३५० नम्बरको कारमा सवार सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १२ निवासी सल्मान अलीका ५ वर्षिय छोराको मृत्यु भएको हो ।

दुर्घटनामा अलीका ५ वर्षिय छोरा गम्भिर घाइते भई उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल पु¥याउँदा चिकित्सकले मृत घोषित गरेको प्रहरीको भनाई छ ।

यस्तै दुर्घटनामा सल्मान अली, उनका ४ वर्षिय कान्छो छोरा आशिक अलीसहित १० जना घाइते भएको र उनीहरुको बिराटनगरमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

सडकभन्दा करिब १२ फिट तल कोशी नहरमा खसेर कार दुर्घटनाग्रस्त भएको स्थानियहरुले बताएका छन् ।

प्रहरीका अनुसार कोशी ब्यारेज घुमेर घर फर्किदै गर्दा राती करिब ९ बजेतिर एक्कासी हावाहुरी चलेको बेला उक्त कार अनियन्त्रित भई हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ सकरदहीस्थित कोशी नहरमा खसेर दुर्घटना भएको हो ।

कारमा क्षमता भन्दा बढी भार भएकोले पनि चालकले नियन्त्रण गुमाउँदा सो दुर्घटना भएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ ।

यता दुर्घटनाको खबर पाए लगत्तै पुगेको प्रहरी टोलीले घाइतेहरुको उद्दार गरि अस्पताल पु¥याएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए ।

# धर्म प्रचार तथा धर्म परिवर्तनमा विदेशी नागरिकमाथि निगरानी गर्न देशभर सर्कुलर

**दैनिक समाचारदाता**
**काठमाडौं, ३० चैत ।**

धर्म प्रचार तथा धर्म परिवर्तनमा विदेशी नागरिकहरू संलग्न हुने गरेको भन्दै गृह मन्त्रालयले त्यस्ता नागरिकमाथि निगरानी गर्न देशभर सर्कुलर गरेको छ ।

चैत २५ गते मन्त्रालयको शान्ति, सुरक्षा तथा अपराध नियन्त्रण शाखाले देशभरका जिल्ला प्रशासन कार्यालयमा त्यस्तो सर्कुलर गरेको हो ।

विभिन्न व्यक्ति र संस्थाहरूले गर्ने सम्मेलन तथा प्रशिक्षण कार्यक्रमहरूमा विदेशी नागरिक सहभागी हुने गरेको र उनीहरूले गैर कानुनी रूपमा धर्मको प्रचार र

*बाँकी अन्तिम पृष्ठमा*

# चैती छठ प्रारम्भ

**दैनिक समाचारदाता**
**राजविराज, ३० चैत ।**

सप्तरीलगायत सम्पूर्ण तराई मधेशका जिल्लामा चैती छठ शुक्रबारदेखी विधिपूर्वक प्रारम्भ भएको छ ।

चार दिनसम्म मधेशका ८ वटै महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सालगायतमा धुमधामका साथ छठोत्सव मनाइन्छ । सहरी एवं ग्रामीण क्षेत्रमा रहेका पोखरी तथा नदी किनारमा सूर्यको उपासना तथा पूजाआराधनाका साथ मनाइन्छ । छठोत्सवमा अस्ताउँदो र उदाउँदो सूर्यको विशेष पूजा गरिन्छ ।

अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता हो । पारिवारिक सुख, शान्ति, समृद्धिका खातिर श्रद्धापूर्वक मनाइने छठोत्सवका क्रममा शुक्रबार व्रतीहरूले नहा खा अर्थात् नुहाएर भोजन गर्छन् । पर्वको दोस्रो दिन शनिबार खरना मनाइन्छ । खरनाका दिन व्रतीहरू दिनभरि उपवास बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कूलदेवताको पूजा गर्छन् र राति अरवा अरबाईन (नुन नहालेको) खानेकुरा खाने चलन छ ।

त्यस्तै षष्ठीका दिन आइतबार

*बाँकी अन्तिम पृष्ठमा*

## हार्दिक शुभकामना

नव वर्ष २०८१ को सुखद अवसरमा समस्त ग्राहकवर्ग, बिज्ञापनदाता, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजविराज दैनिक
परिवार

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
अध्यक्ष एवं
जन ज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष एवं
जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज, परिवार

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुधन प्रसाद गुप्ता**
अध्यक्ष एवं
नेपाल सहकारी संस्था लि.
राजविराज, परिवार

## काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?

हुनुहुन्छ भने:

- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस्।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस्।
- श्रम कल सेन्टरको नि:शुल्क नम्बर ११४१ मा फोन गर्नुहोस्।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### नयाँ उमङ्गका साथ अघि बढौं

नयाँ वर्ष २०८१ आजदेखी सुरु भएको छ। नयाँ बर्षमा प्रवेश भएसँगै नयाँ उमङ्गका साथ अघि बढ्ने लक्ष्य सबैको रहने गर्छ। चार वर्ष अघि कोरोना महामारीले पुरै विश्वलाई तहसनहस पारेको थियो। तर, अहिले अवस्था साम्य भइसकेको छ। जसरी समयचक्र सँगै कोरोनाको त्रास पनि साम्य भएसँगै हामी मानिसहरु पुरानो कुरालाई बिर्सेर अगाडी बढ्नु पर्ने आवश्यकता रहेको छ।

आजदेखी सुरु भएको नयाँ वर्षसँगै अर्थतन्त्रमा सुधारका लागि सरकारले पहल थाल्नु आवश्यक छ। यस्तै मुलुकको केही स्थानमा उपनिर्वाचनको माहोलले पुनः राजनीतिक बृत ताताएको छ। यद्पी उपनिर्वाचनसँगै मुलुकको राजनीतिक बृत भने अस्थिर रहेको छ। अहिले पनि मुलुकमा राजनीतिक स्थिरता कायम हुन सकेको छैन्। मुलुकको अर्थतन्त्र कमजोर बन्दै जाँदा मुलुक अस्थिर अवस्थामा छ। जेहोस् नयाँ वर्षमा नयाँ जोश र जागरका साथ मुलुकमा सरकारले अर्थतन्त्रलाई स्थिर अवस्थामा ल्याई जनतालाई राहत दिलाउनु पर्ने संकल्पका साथ अगाडी बढ्नु पर्ने आवश्यकता रहेको छ।

अन्तमा नव बर्ष २०८१ ले मुलुकको राजनीतिका साथै आर्थिक अवस्थामा सुधारको शुभकामनासहित सम्पूर्ण पाठक, बिज्ञापनदाता, शुभचिन्तक, जिल्लावासी एवं देशबासीमा सुस्वास्थ्य, दिर्घायु, सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**

**Dr. Santosh Prasad Sah**

MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 15019

**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# नेपालमा महाकुम्भ मेला र यसको धार्मिक महत्व

**मणिराम दाहाल**

सुन्दरहरैँचा (मोरङ), ३० चैत (रासस)।

सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिकास्थित प्राचीन हरिद्वार चतराधाम कुम्भ नगरीमा गत मङ्गलबारदेखि १२ वर्षे कुम्भमेला सुरु भएको छ। यस अवसरमा यहाँ आई महिना दिनसम्म ब्रत बस्ने, आफ्ना इष्ट देवताको पूजाअर्चना गर्ने, पाठपरायण गर्ने गराउने र स्नान गर्ने गरिन्छ।

पूर्ण महाकुम्भ मेला मूल आयोजक समितिका अनुसार यस मेलामा देश विदेशका लाखौं धार्मिक भक्तजनको सहभागिता रहने अपेक्षा गरिएको छ। मेला चैत २७ देखि आगामी वैशाख २८ गतेसम्म लाग्नेछ। मेलामा राम्रो सुरक्षा व्यवस्था गरिएको आयोजकले [ी] जनाएका छन्।

धार्मिक र पर्यटकीय हिसाबले महत्वपूर्ण मानिएको कुम्भ मेलामा नेपाल र भारतका भक्तजनहरु सहभागी हुनेछन्। आध्यात्मिक हिसाबले अत्यन्त महत्वपूर्ण मानिएको सुनसरी बराहक्षेत्रको प्राचीन हरिद्वारा चतराधाममा एक महिने पूर्णमहाकुम्भ मेला लाग्ने भएपछि यहाँको सम्पूर्ण क्षेत्र उत्साहित भएको यस महाकुम्भमेलाका परिकल्पनाकार जगत्गुरू बालशन्त मोहनशरण देवाचार्यले बताउनुभयो।

उहाँले कुम्भ मेलाबाट नेपाल र नेपालीबीचको एकता तथा धार्मिक सद्भावमा विकास हुनेहुँदा देश विदेशबाट यस मेलामा दर्शनका लागि चतरा आउने भएकाले पनि यसको महत्व बढेर जाने उल्लेख गर्दै बर्सेनि धर्मका नाममा विदेशिने रकम रोकथाम गर्न कुम्भ मेला आवश्यक भएको जानकारी दिनुभयो।

मेला भव्यतारुपमा सम्पन्न गर्न बराहक्षेत्र नगरपालिकाको पनि पहल रहेको छ। मेलाका लागि सरसफाइ, पण्डालको निर्माण, प्रचारप्रसार, विद्युत् तथा सञ्चार सुविधा, शान्तिसुरक्षा तथा विपद् जोखिम न्यूनीकरणलगायतका सबै तयारी गरिएको छ। साथै मेला अवधिभर चतरामा मासुजन्य पदार्थ र मदिरा बिक्रीवितरणमा पनि निषेध गरिएको छ।

**महाकुम्भ मेलाका विशेषता**

कुम्भ मेलामा कोटीहोम, वेदपाठ, पुराणवाचन, स्वदेश तथा विदेशका जगत्गुरू, शङ्कराचार्यहरू, धर्माचार्यको सहभागिता प्रवचन, भजनकीर्तन, शास्त्रार्थ सम्मेलनलगायत महास्नान हुनेछ। बाह्रकुम्भमध्ये नेपाललगायत भारतका प्रयाग, नासीक, उज्जैन र हरिद्वारमा कुम्भमेला लाग्ने गर्दछ। कुम्भ मेलाले हाम्रो देशमा हराउँदै गएको धर्म, संस्कार र संस्कृतिको पुनरुत्थान गरेको धार्मिक जानकारहरू बताउँछन्। अघि समुद्र मन्थन जस्तो साह्रै कठिन कार्य शुभारम्भ भयो र त्यसबेला अमृतको सट्टा हला हल बिष निस्कियो। त्यस्तो बिघ्नबाधा आउँदा पनि त्यसबाट पछि नहटी डटिरहँदा कार्य सफल भई अमृतको घडा प्राप्त भएको र सो घडा असल व्यक्तिको हातमा र राम्रो स्थानमा रहोस् भनी कामना गरिएको र सो घडा रहेको एक क्षेत्र कोसी किनारको चतरा रहेको शास्त्रीय मान्यताका आधारमा यस क्षेत्रमा चैत महिनामा कुम्भ मेलाको प्रचलन सुरु गरिएको जगत्गुरु देवाचार्यको भनाइ छ।

नेपाल र नेपालीको सम्मानसँग जोडिएको विश्वकै पाँचौं कुम्भका रूपमा अन्तर्राष्ट्रिय जगत्मा ख्यातिप्राप्त १२ वर्षे पिण्डेश्वर पूर्ण महाकुम्भ मेलाको प्रचारप्रसार सुदूरपश्चिमका दार्चुलादेखि ताप्लेजुङसम्म मात्र नभएर भारत, भूटान, अमेरिका, अष्ट्रेलिया र क्यानडा नर्वे बेलायतजस्ता देशहरुमा पुगेको छ।

त्यसैगरी भारतका विभिन्न क्षेत्रबाट जगत्गुरु धर्माचार्य, महामण्डलेश्वर शन्तमहन्त तथा मुख्यमन्त्री, पूर्वमुख्यमन्त्रीज्यूहरु पनि यस मेलामा उत्साहजनकरुपमा उपस्थिति हुने गरेकाले पनि यसको महत्व झन् बढ्दै गएको छ। यसपटकको कुम्भमेला सफल बनाउन अमेरिकास्थित अन्तर्राष्ट्रिय निम्बार्क आध्यात्मिक प्रतिष्ठान, धर्माचार्य भागवत्शरण महाराजलगायत करिब ५० जनाको टोली नेपाल यहाँ आउनुभएको छ।

**महाकुम्भ मेलाको शास्त्रीय मान्यता**

नेपाल र नेपालीको छुट्टै पहिचान कायम गर्न सक्षम रहेको कुम्भ मेलामा सहभागी भई पुण्य कमाउन आयोजकले अपिल गरेका छन्। यहाँ प्रत्येक छ वर्षमा अर्धकुम्भ र १२ वर्षमा पूर्णमहाकुम्भ मेला लाग्ने गरेको छ। नेपालमा प्रथम पिण्डेश्वर कुम्भ मेला महोत्सवका रूपमा २०५९ चैत ६ गतेदेखि सुरु भएको हो। त्यसयता यहाँ चैत महिनामा एक महिनासम्म सञ्चालन हुने गरेको छ। त्यसैगरी विसं २०६३ चैत ६ गतेदेखि एक महिनासम्म अर्धकुम्भका रूपमा प्राचीन हरिद्वार चतरामा मेला लागेको थियो। यसअघि विसं २०७० मा १२ वर्षे महाकुम्भ मेला आयोजना गरिएको थियो।

यहाँ अर्धकुम्भ मेला विसं २०७५ र ०७६ मा लागेको थियो। समुन्द्र मन्थनबाट निस्किएको अमृतको घडाबाट भारतका जुन स्थानमा एक एक थोपा अमृत झरेको थियो, तिनै स्थानमा कुम्भ मेला लगाउने चलन रहेको थियो। शास्त्रीय मान्यताअनुसार नेपालमा रूद्राक्षको सुन्दर वनमा अमृतको तरलाई पिण्ड बनाएर स्थापना गरिएपछि यसै स्थानमा कुम्भ मेलाको प्रचलन सुरु गरिएको जगत्गुरु देवाचार्य बताउनुहुन्छ।

कुम्भ आयोजना हुन थालेसँगै हिमवत्खण्डको कौशिकी किनारमा रहेको प्रसिद्ध प्राचीन हरिद्वार चतरा राष्ट्रिय अन्तर्राष्ट्रियरूपमा परिचित हुँदै आएको तथा धार्मिक मात्र नभई मुलुकमा धार्मिक पर्यटनका माध्यमबाट आर्थिकरुपमा पनि फलदायी भएको छ।

नेपालमा कुम्भ मेलाको खोज अनुसन्धान गरी शास्त्रीय आधारमा कुम्भको सुरुआत बालसन्तले गर्नुभएको हो। कुम्भ मेलालाई हिन्दू धर्मावलम्बीको एक महान् स्नान पर्वका रुपमा लिइन्छ। शास्त्रले १२ वटा कुम्भस्थल व्याख्या गरेको छ। हाल खोजी भइसकेका जम्मा पाँच कुम्भ मेलामध्ये चार कुम्भस्थल भारतका हरिद्वार, प्रयाग, नाशिक र उज्यैन हुन्। जहाँ प्रत्येक १२/१२ वर्षमा कुम्भ मेला लाग्ने गर्दछ। बाँकी एक कुम्भस्थल नेपालको सुनसरी जिल्लास्थित कोसी नदीको किनार प्राचीन हरिद्वार चतराधाममा रहेको शास्त्रहरूले प्रस्तुत गरेको जगत्गुरु बालसन्त मोहनशरण देवाचार्य बताउनुहुन्छ।

उहाँले समुन्द्र मन्थनपछि उत्पन्न अमृतमय कुम्भ घडा आफ्नो बनाउन देवता र दैत्यकाबीच भएको तानातानका क्रममा जहाँजहाँ अमृत खस्यो, त्यहाँत्यहाँ कुम्भपर्व सुरु भएको बताइएको उल्लेख गर्नुहुन्छ। जगत्गुरु बालसन्त महाराज कुम्भ मेलाको महत्व दर्शाउँदै नेपालको प्राचीन हरिद्वार चतराधाममा लाग्ने कुम्भ मेलाका सन्दर्भमा श्रीमद्स्कन्द महापुराणमा स्पष्टरुपमा बताइएको उल्लेख गर्नुहुन्छ।

नेपालको सुनसरी जिल्लाको धरानअन्तर्गत पवित्र तीर्थ विजयपुर पर्वतका शिखरमा रुद्राक्षारण्यका बीचभागमा अमृत पिण्डस्वरूप पिण्डेश्वर महादेव विराजमान हुनुभएको छ। स्कन्दपुराणमा अमृतको एक बिन्दु झरेको हुँदा नासिक, उज्ज्जैन, प्रयाग र हरिद्वारमा कुम्भमेला भएको देखिन्छ। नेपालको विजय पर्वतमा अमृतको थोपामात्र नभएर स्वयं अमृत कलशमाथि जमेको तर वा सारलाई नै पिण्डरूप शिवलिङ्ग बनाएर स्थापना गरेको प्रमाण शास्त्रहरूमा छ।

**महाकुम्भ मेला र जगत्गुरु देवाचार्य**

जगत्गुरु बालसन्त मोहनशरण देवाचार्यको जन्म विसं २०३३ मङ्सिर २७ गते झापाको हँडिया बुधबारेमा भएको हो। भारतको वृन्दावनबाट शिक्षा आर्जन गर्नुभएका उहाँको पर्शुराम देवाचार्यसँग भेट भएपछि उहाँकै मार्गदर्शनबाट त्यहाँ पुग्नुभएको हो। त्यहाँ पुगेपछि देवाचार्यले ज्ञान भक्ति र साधना प्राप्त गर्नुभयो।

निम्वार्क सम्प्रदायमा दीक्षित भएपछि उहाँको गुरुप्रदत्त नाम मोहनशरण रह्यो। उहाँको लगनशीलता, कर्तव्यनिष्ठता एवं शान्त स्वभाव र शास्त्रीय विद्धताजस्ता सन्त स्वभावका कारण वृन्दावनका वरिष्ठ विद्वानहरुको भेलाले श्रीनिम्वार्क संस्कृत महाविद्यालयमा बालसन्त उपाधिले विभूषित गरेका थिए।

वृन्दावनमा बस्दै गर्दा आफू सपनामा नेपाल फर्केको देखेपछि घुम्दै जाने क्रममा बराहक्षेत्रस्थित चतरामा उभिएर उत्तरपट्टि फर्कदाको दृष्य आफूले सपनामा बारम्बार देख्ने गरेपछि आश्चर्यमा परी उहाँले यस पवित्र भूमिको थप अध्ययन र अनुसन्धानमा लागेको बताउनुहुन्छ। यस पवित्र तीर्थस्थलको दूरावस्था देख्दा उहाँको मन दुखेको र बराहक्षेत्रलाई सुन्दर र गौरवशाली बनाउन आफू लागेको उहाँ बताउनुहुन्छ। बराहक्षेत्र चतरालाई प्राचीन हरिद्वार घोषणा गरी धाममा परिणत गरेर उहाँले यसै क्षेत्रको प्रवर्द्धनमा लाग्नुभएको हो।

जगत्गुरु बालसन्त महाराजले २०५५ सालको साउन ४ गतेदेखि बराहक्षेत्रदेखि मुक्तिक्षेत्रसम्म पैदलयात्रा प्रारम्भ गर्नुभयो। यो ५५ दिने पैदलयात्रा सम्पन्न गरी चतराधाममा द्वादश दिवसीय श्रीमद्गोपाल महायज्ञ सम्पन्न गर्नुभयो। जुन महायज्ञ नेपालमै पहिलो पटक सम्पन्न भएको थियो। यस कार्यले भक्तहरूका माझ उहाँ झनै परिचित हुनुभयो। श्रीमद्भागवत महापुराणमा उहाँको बाचन र प्रस्तुतिले पनि उहाँ लोकप्रिय हुनुभएको हो। उहाँले नै स्कन्दपुराणको गहिरो अध्ययन अन्वेषण गरी शास्त्रीय प्रमाणका आधारमा नै नेपालमा २०५९ साल वैशाख १ गतेदेखि एक महिनासम्म नेपाल बृहत् प्रथम पिण्डेश्वर कुम्भ महोत्सवको सुरुआत गराउन सफल हुनुभएको थियो। कुम्भमेलाको आयोजना गरी विश्वमै नेपाल र नेपालीको छुट्टै पहिचान कायम गरेर नेपालको गौरव बढाउने काममा उहाँ लाग्नुभयो। यसै योगदानको उच्च मूल्याङ्कन गर्दै उहाँलाई विसं २०६७ मा भारतको काशी पण्डित सभाले जगत्गुरुको उपाधिद्वारा विभूषित गरेको हो।

जगत्गुरु बालसन्त देवाचार्यले प्राचीन हरिद्वार चतराधाममा भव्यताका साथ गोपाल महायज्ञ सम्पन्न गरेर संस्कृत शिक्षाको प्रवर्द्धन गर्न चतराधाममा संस्कृत गुरुकूलको स्थापना पनि गर्नुभयो। स्वदेशमै रहेका धार्मिक शक्तिपीठ एवं पवित्र धामहरुको खोजी गर्ने क्रममा बालसन्त देवाचार्यले २०७२ वैशाख ५ गते महाकालीबाट पैदल यात्रा प्रारम्भ गर्नुभयो। सबैको घरदैलोमा पुग्दै नेपालका पचहत्तरै जिल्लाको पैदल यात्रा सम्पन्न गरी २०७४ माघ २२ गतेदेखि द्वादश दिवशीय राष्ट्रभक्ति जागरण महायज्ञको आयोजना गरेर महाकाली गङ्गामा १८ करोड दीप प्रज्ज्वलनका साथ आफ्नो भ्रमणको समापन गर्नुभएको थियो।

विसं २०५० को दशकमा चतरास्थित अहिलेको कुम्भक्षेत्र चतराधाम मसानघाट जस्तै थियो। यहाँ कुनै बस्ती थिएन भने खर र बाक्लो खयर उम्रिएको झाडी थियो। मानिसहरु डराएर एक्लै ओहोरदोहोर गर्ने चेष्टा पनि गर्दैनथे। विसं २०५४ तिर बालसन्त देवाचार्य यहाँ आएपछि उहाँको अगुवाइमा कोसीको तातो बालुवा उड्ने उराठलाग्दो स्थानमा संरचना निर्माण हुन थाले र अहिले यसप्रकारको कुम्भनगरीमा परिणत भएको छ। उहाँले यस क्षेत्रका बारेमा पनि व्यापक खोज अनुसन्धान थाल्नुभयो र सबै शास्त्रकै प्रमाणका आधारमा उहाँले नै नेपालमै प्रथम कुम्भ मेलाको सुरुआत गराउनुभयो।

त्यसपछि त चतरा प्राचीन हरिद्वार बन्न पुग्यो। विगतमा मसानघाटका रूपमा चिनिएको चतरा अहिले ठूलो तीर्थस्थलका रुपमा विकसित भएको छ। विसं २०५९ बाट यही स्थानमै महाकुम्भ मेलाको प्रारम्भ नै भयो र अहिले यो पाँचौं कुम्भ सुरु भएको छ। समुद्र मन्थनबाट निस्किएको अमृत इन्द्रपुत्र जयन्तले लिएर भागेका र भाग्दै जाँदा भारतका नासिक, उज्जैन, प्रयागमा एक/एक थोपा झरेको तथा देवताहरुले लखेटेको देखेर जयन्तले त्यो अमृतको घडा नेपालको हिमालय पर्वतको शिखरमा ल्याइराखेको शास्त्रमा उल्लेख छ। त्यतिबेला सो अमृत तरजस्तो भएको र भगवान् विष्णुको मोहिनी अवतारले त्यो तरलाई निकालेर एउटा पिण्ड बनाउनुभएको पछि महिना दिनसम्म त्यस पिण्डलाई पूजा आराधना र अभिषेक गरेर वर्तमान सुनसरी जिल्लाको धरान बजारभन्दा उत्तरपूर्वी क्षेत्रको बराह मन्दिर समीप र कोसी नदीको उत्तरतर्फको विशाल पर्वत शृङ्खलामा लगेर स्थापना गर्नुभएकाले यसको नाम पिण्डेश्वर रहन गएको पनि शास्त्रमा उल्लेख छ।

जगत्गुरु देवाचार्य भन्नुहुन्छ, "अरु पनि धेरै प्रमाण मैले विस्तृतरुपमा व्याख्या गरिसकेको छु। नेपालमा अमृतको तरलाई नै पिण्ड बनाएर राखिएकाले नै कुम्भको प्रचलन हामीले उचित स्थानमा गरेका छौं। चैत शुक्ल प्रतिपदाबाट यो कुम्भको प्रारम्भ हुने हुनाले यो चैत्रबाट अपभ्रंश भई चतरा हुन पुगेको हो। त्यसकारण पनि यस कुम्भ मेलाको

*बाँकी तीन पृष्ठमा*

# सुनकोसी मरिण डाइभर्सनः वैशाख २६ गते ब्रेक थ्रुको तयारी

**रमेश लम्साल**

काठमाडौं, ३० चैत (रासस)।

सुनकोसी मरिण डाइभर्सन आयोजनाको सुरुङको निर्माणको काम अब पाँच सय १० मिटर मात्रै बाँकी रहेको छ। आयोजनाले आगामी वैशाख २६ गते 'ब्रेक थ्रु' गर्ने तयारी गरेको छ।

तराई-मधेसमा १२ महिना नै सिँचाइ सुविधा पुर्‍याउने लक्ष्यका साथ सुरु गरिएको निर्माण प्रक्रियामा उल्लेख्य सफलता हासिल गरेको छ। कुनै भौगोलिक जटिलता उत्पन्न नभएको खण्डमा आगामी वैशाख २६ गते विशेष समारोहको आयोजना गरी सुरुङ ब्रेक थ्रु गर्ने तयारी गरिएको आयोजनाले जनाएको छ।

सुनकोसी मरिण डाइभर्सन आयोजनाका प्रमुख मित्र बरालका अनुसार कूल १३ दशमलव तीन किलोमिटर लामो सुरुङमध्ये हालसम्म १२ दशमलव सात सय ९० किलोमिटर सुरुङ निर्माण सम्पन्न भएको छ। "सुरुङ निर्माणका क्रममा सामान्य भौगोलिक जटिलता पुनःउत्पन्न भयो, हामीले त्यसलाई समाधान गरेर अगाडि बढ्यौँ", आयोजना प्रमुख बरालले भन्नुभयो, "ग्राउटिङलगायतका विधि प्रयोग गरेर समस्याको समाधान भएको छ। सुरुङ निर्माण निरन्तररुपमा अगाडि बढिरहेको छ।"

सुरुङ निर्माणमा अटोमेटिक टनेल बोरिङ मेसिन (टिबिएम) प्रयोग गरिएको छ। भेरी बबई डाइभर्सन आयोजनापछि सुनकोसी मरिणमा पनि टिबिएम मेसिन प्रयोग गरिएको हो। उपकरणको प्रयोग गरी सुरुङ निर्माण गर्दा त्यसले सकारात्मक प्रभाव पारेको छ। अन्य आयोजना पनि त्यस्तै उपकरणको प्रयोग गर्न सकारात्मक वातावरण बनेको बताइएको छ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आयोजना प्रमुख लगायतका अधिकारीलाई आयोजना स्थल नछाड्न, स्थानीयस्तरमा नै समस्या समाधान गर्न तथा आयोजनाको काममा कुनै पनि गत्यावरोध आउन नदिन स्पष्ट शब्दमा निर्देशन दिनुभएको छ। सोही कारण पनि आयोजनाले अपेक्षित सफलता हासिल गरेको छ।

निर्माण व्यवसायी परिचालनमा विशेष ध्यान दिन तथा आवश्यक सहजीकरण गरी हरेक १५ दिनमा जलस्रोत तथा सिँचाइ विभाग र हरेक एक महिनामा आयोजनाको समग्र प्रगति विवरण प्रस्तुत गर्न मन्त्रालयले निर्देशन दिएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नियमितरुपमा आयोजनाका सन्दर्भमा चासो राख्दै आउनुभएकाले पनि आफूहरुलाई काम गर्न सहज भएको आयोजनाले जनाएको छ।

आयोजना प्रमुख बरालका अनुसार २०७९ साल असोज २८ गतेदेखि निर्माण सुरु गरिएको सो आयोजनामा कूल १३ दशमलव तीन किलोमिटर लामो सुरुङ निर्माण हुनेछ। नेपालका विद्युत् तथा अन्य सिँचाइका आयोजनामा सुरुङ निर्माण भए पनि सो आयोजनामा टनेल बोरिङ मेसिन (टिबिएम) प्रयोग गरेर खनिएको भने दोस्रो पटक हो। यसअघि भेरी-बबई डाइभर्सन आयोजनामा पनि टिबिएमको प्रयोग गरिएको थियो। पहाडी भूभाग बढी भएको नेपालमा सुरुङ खन्न अब टिबिएम प्रभावकारी उपकरणका रुपमा स्थापित भएको छ।

सुनकोसी नदीको पानी मरिण खोलामा झारेर विद्युत् उत्पादन गर्ने र तराईका एक लाख २२ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ सुरु गरिएको सो आयोजनाको सुरुङ निर्माणमा अपेक्षितभन्दा बढी प्रगति भए पनि अन्य काममा भने सोहीअनुसार भएको छैन। बाँध तथा विद्युत् गृह निर्माणमा संलग्न निर्माण व्यवसायीले तोकिएअनुसार काम गर्न सकेको छैन।

निर्माण व्यवसायीले काम गरिरहेको भए पनि बाँध निर्माणमा अपेक्षित प्रगति भएको छैन। विद्युत् गृह र प्रसारण लाइन निर्माणका लागि आवश्यक तयारी भइरहेको छ। प्रसारण लाइनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न भइसकेको छ।

सुनकोसी मरिण डाइभर्सन आयोजनाबाट हाल सञ्चालनमा रहेको बिपी राजमार्गको केही भाग प्रभावित हुनेछ। हाल सञ्चालनमा रहेको राजमार्गलाई नौ सय मिटर डाइभर्सन गर्नुपर्ने हुन्छ। बाँध तथा विद्युत् गृह निर्माणका लागि भारतीय कम्पनी पटेल इञ्जिनियरिङ र नेपाली कम्पनी रमण कन्स्ट्रक्सनको संयुक्त उपक्रमले ठेक्का पाएको छ। आगामी वैशाखसम्म बाँध निर्माणलाई एउटा स्तरमा पुर्‍याउने लक्ष्य राखिएको छ। वैशाखपछि नदीमा जलसतह बढ्ने भएकाले काम गर्न समस्या हुनेछ।

यस्तै, विद्युत् गृह निर्माण हुने स्थानमा मुआब्जा वितरण सम्पन्न भइसकेको छ। सो आयोजनाबाट तराई-मधेसका कूल एक लाख २२ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ। राष्ट्रिय गौरवका आयोजना भएकाले स्रोतको कुनै अभाव नहुने प्रधानमन्त्री र ऊर्जामन्त्रीको प्रतिबद्धता भएकाले आफूहरुलाई काम गर्न सहज भएको आयोजना प्रमुख बरालको टिप्पणी छ।

यसअघि सुरुङ निर्माणमा भौगर्भिकरुपमा रहेको जटिलताका कारण तीन पटक समस्या देखिएको थियो। सुनकोसी गाउँपालिका-७ कान्द्धङ्गीस्थित सिन्धुली र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोसी नदीलाई मरिण खोलामा पथान्तरण गरिनेछ। सुनकोसीको करिब ६७ क्युसेक पानीलाई सुरुङमार्फत सिन्धुलीको कमलामाई नगरपालिका-२ कुसुमटारस्थित मरिण खोलामा खसालिनेछ। त्यसपछि बागमती सिँचाइ आयोजनाको पूर्वाधार प्रयोग गरेर धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराको करिब एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ गर्ने लक्ष्य राखिएको छ। त्यस्तै सो आयोजनाबाट ३१ मेगावाट बिजुली उत्पादन हुनेछ।

आयोजनाको सुरुङ निर्माण चिनियाँ कम्पनी चाइना ओभरसिज इञ्जिनियरिङले गरिरहेको छ। बाँध र विद्युत् गृह निर्माणमा केही ढिलाइ भए पनि तोकिएको समयभित्रै पूरा गर्ने निर्माण व्यवसायीको भनाइ छ। विसं २०८४ को असोजमा सो आयोजना पूर्णरुपमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। भेरी बबई डाइभर्सन आयोजनामा सुरुङ निर्माण सम्पन्न भएको लामो समय भए पनि बाँध र विद्युत् गृह निर्माणले गति नलिँदा देखिएको व्यवधान सुनकोसी मरिणमा आउन नदिन सरकार उत्तिकै चनाखो देखिएको छ।

सो आयोजना सम्पन्न भएपछि अन्न भण्डारका रुपमा रहेको मध्यतराईका पाँच जिल्लामा वर्षभरि नै सिँचाइ सुविधा उपलब्ध हुनेछ। त्यसले खाद्यउपज उत्पादनमा गुणात्मक परिवर्तन आउनेछ। सो आयोजनामा प्रयोग भएको टिबीएम उपकरण प्रयोग गरी फुर्कोट-फूलबारी सुरुङ निर्माण गर्ने प्रारम्भिक तयारी गरिएको छ। टिबिएमलाई केही परिवर्तन गरी सडक पूर्वाधारमा प्रयोग हुने सुरुङ निर्माण गर्न सकिने बताइन्छ।

### *नेपालमा महाकुम्भ ...*

ठूलो धार्मिक महत्व रहेको छ।"

यस कुम्भ मेलामा आएर स्नान, दान, यज्ञ, अनुष्ठान, यजन र पूजन गर्दा कहिल्यै पनि ननासिने अर्थात् अक्षय नहुने पुण्य प्राप्त हुने जगत्गुरु देवाचार्यको भनाइ छ। यस कुम्भका समयमा ब्रह्मा, विष्णु, महेश्वर तथा देवताहरुका राजा इन्द्र र अन्य देवगण यसै कुम्भको तिथि पारेर यहाँ स्नान गर्न आउने भएकाले यस समयमा यहाँ स्नान गर्नाले अक्षय पुण्य प्राप्त हुने शास्त्रीय मान्यता छ। नेपालमा यो कुम्भ मेला सुरु भएपछि धार्मिक पर्यटनको विकास हुनुका साथै नेपालको प्राचीन चतराधामको प्रचार विश्वव्यापी भएको छ। हरेक १२ वर्षमा लाग्ने यस मेलामा सहभागी भई पुण्य कमाउनु जगत्गुरु देवाचार्यले समग्र सनातन परिवारलाई आमन्त्रण गर्नुभएको छ।


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता

**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


## विश्व समाचार

# रमजानको समयमा लुटपाटको प्रतिरोध गर्दा पाकिस्तानमा १९ को मृत्यु, ५५ घाइते

करााँची (पाकिस्तान), ३० चैत (रासस/एएनआई)।

रमजान २०२४ को समयमा पाकिस्तानको कराँचीमा आपराधिक घटना बढेको। रमजानको समयमा लुटपाटको प्रतिरोधमा १९ जनाको मृत्यु हुनुका साथै ५५ जना घाइते भएको एआरवाई न्युजले जनाएको छ। लुटपाटको प्रयासमा कराँचीमा १९ नागरिकको मृत्युका लागि सशस्त्र लुटेराहरू जिम्मेवार रहेको एक प्रहरी अधिकारीले बताएका छन्।

यस वर्ष कराँचीमा लुटपाटसम्बन्धी घटनामा ५६ जनाको मृत्यु भएको छ भने दुई सयभन्दा बढी घाइते भएका छन्। गत वर्षको समान अवधिमा डकैती विरुद्धको प्रतिरोधमा २५ जनाको मृत्यु भएको थियो भने एक सय १० जना घाइते भएका थिए। सन् २०२३ को समान परिस्थितिमा एक सय आठ जनाको मृत्यु र चार सय ६९ जना घाइते भएको तथ्याङ्क छ। कराँची प्रहरीको यस वर्ष लुटेराहरूसँग चार सय २५ मुठभेड हुँदा ५५ लुटेरा मारिएको र चार सय ३९ घाइते भएका छन्। नागरिक-प्रहरी सम्पर्क समिति (सिपिएलसी) को एक प्रतिवेदनअनुसार सन् २०२४ को पहिलो तीन महिनामा २२ हजार छ सय २७ अपराध दर्ता भएका थिए। यसमा ५९ को मृत्यु र लुटपाटको प्रतिरोधमा सात सय जनालाई चोट लागेको थियो।

यसका अतिरिक्त यस अवधिमा तीन सय ७३ कार, १५ हजार नौ सय ६८ मोटरसाइकल र छ हजार एक सय दुई मोबाइल फोन चोरी वा लुटपाट भएको सूचना प्राप्त भएको छ। एआरवाई न्युजका अनुसार सिपिएलसीको प्रतिवेदनमा कराँचीमा २५ वटा जबरजस्ती असुलीको घटना र फिरौतीका लागि पाँचवटा अपहरणका घटना पनि रेकर्ड गरिएको छ। कराँचीका प्रहरी प्रमुख, अतिरिक्त महानिरीक्षक इमरान याकूबले अपराधको ठूलो हिस्सामा भित्री सिन्ध र बलुचिस्तानका सहित बाहिरी व्यक्ति संलग्न रहेको बताउनुभयो। उहाँले रमजान र ईद-उल-फित्रको समयमा कराँचीमा करिब चार लाख 'पेसेवर' भिकारी र आपराधिक तत्व भेला हुने गरेको जानकारी दिनुभयो।

# रुसमा उच्च बाढीको जोखिम

मस्को, ३० चैत (रासस/एएफपी)।

रुसको ओरेनबर्ग सहरमा शुक्रबार युराल नदीको सतह नयाँ रेकर्ड उचाइमा पुगेपछि बाढीका कारण रुस र कजाकिस्तानका दशौं हजार मानिसलाई स्थानान्तरण गरिएको अधिकारीहरूले बताएका छन्। तीव्र गतिमा बढिरहेको तापक्रमले हिउँ र बरफ पग्लिँदा तथा भारी वर्षाका कारण रूस र कजाकिस्तान पार गर्ने धेरै जसो नदीहरूले खतराको सतह पार गरेका छन्।

टियुमेन क्षेत्रका अधिकारीहरूका अनुसार पश्चिमी साइबेरियामा इशिम नदी पनि खतरनाक स्तरमा पुगेको छ। अधिकारीहरूले इशिम र टोबोल नदी अप्रिल २३-२५ मा उच्चस्तरमा पुग्ने अनुमान गरेका छन्। अधिकारीहरूका अनुसार ओरनबर्गमा युराल नदी ११ दशमलव ९ मिटर (३७ फिट) पुगेको छ। यो निर्धारित खतराको स्तरभन्दा दुई मिटर माथि हो। सहरका केही भागमा पानीमाथि घरहरूको छत मात्र देख्न सकिन्छ। क्षेत्रीय अधिकारी सर्गेई बालिकिनले आरआइए नोभोस्ती राज्य समाचार एजेन्सीलाई ओरेनबर्गमा शुक्रबार वा शनिबार मात्र बाढी आउने जानकारी दिनुभयो। अधिकारीहरूका अनुसार चार लाखभन्दा बढी जनसङ्ख्यामध्ये १० हजार सात सयभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ। बाढीले करिब ११ हजार सात सय घर डुबेका छन्।

बाढीको जोखिमका करण पूर्वमा कुर्गान र तोम्स्क क्षेत्रका धेरै गाउँलाई पनि खाली गरिएको छ। रुस र कजाकिस्तानमा करिब एक लाख मानिसले बाढीका कारण घर छाडेको अनुमान गरिएको छ। बाँध फुटेपछि समस्याग्रस्त ओरस्कमा अधिकारीहरूले सुधार भएको बताएका छन्। सहरका आक्रोशित बासिन्दाहरूले सङ्कटको व्यवस्थापनप्रति चिन्ता व्यक्त गर्दै दुर्लभ प्रदर्शन गरेको बताइएको छ। बाढी र जलवायु परिवर्तनको कुनै प्रत्यक्ष सम्बन्ध भएको नपाइए पनि विज्ञहरूले उच्च तापक्रमले भएको भीषण वर्षाले बाढी निम्त्याएको बताएका छन्।

# चीनमा बाक्लो कुहिरोको नयाँ चेतावनी जारी

बेइजिङ, ३० चैत (रासस/सिन्ह्वा)।

चीनको राष्ट्रिय मौसम विज्ञान केन्द्रले शुक्रबार देशका केही भागमा घना कुहिरोको चेतावनी नवीकरण गरेको छ। केन्द्रका अनुसार शुक्रबार बाक्लो कुहिरोले पीत सागरका केही भाग र सान्डोङ प्रायद्वीपको तटीय पानी, साथै हेनान, हुबेई, हुनान र चोङकिङलगायत प्रान्तीयस्तरका क्षेत्रका केही भाग ढाक्ने अनुमान गरिएको छ। केन्द्रका अनुसार केही प्रभावित क्षेत्रमा दृश्यता एक किलोमिटरभन्दा कममा झर्नेछ। डुङ्गा चलाउने र अन्य सञ्चालनमा संलग्न जहाजहरूलाई सुरक्षित नेभिगेसन सुनिश्चित गर्न तिनीहरूको निगरानीलाई बलियो बनाउन र आफ्नो गतिलाई नियन्त्रित गर्न तथा उचित दूरी कायम गर्न सुझाव दिइएको छ। चीनमा बाक्लो कुहिरोका लागि तीनस्तरको रङ-कोड गरिएको चेतावनी प्रणाली रहेको छ। यसमा रातो सबैभन्दा गम्भीर चेतावनी हो। त्यसपछि सुन्तला र पहेँलो चेतावनी रहेको छ।

# विदेश गएका नेपालीलाई स्वदेश फर्कने वातावरण बनाऔं : राष्ट्रपति पौडेल

काठमाडौँ, ३० चैत (रासस)।

राष्ट्रपति रामचन्द्र पौडेलले विभिन्न कारणले विदेश गएका नेपालीहरुलाई स्वदेश फर्कने अवस्थाको सिर्जना गर्नुपर्ने धारणा राख्नुभएको छ।

एशोसिएसन अफ नेपाली ओरिजिन ९एएनओ०का प्रतिनिधिमण्डलसँग शुक्रबार राष्ट्रपति कार्यालय शीतल निवासमा भएको भेटमा राष्ट्रपति पौडेलले अध्ययन, वैदेशिक रोजगारी, व्यवसायका साथै विविध कारणले विदेशिएका नेपालीहरुलाई स्वदेश फर्कने वातावरण बन्नुपर्ने धारणा राख्नुभएको हो।

यसप्रति आफूले चासो राख्ने गरेको उल्लेख गर्दै उहाँले आफू कार्यकारी तथा राजनीतिक भूमिकामा नभए पनि सरोकारवालालाई यस विषयमा निरन्तर सम्झाउने गरेको जानकारी पनि दिनुभएको एएनओका महासचिव चुडामणि भट्टराइले जानकारी दिनुभयो।

अध्ययन होस् या विभिन्न प्रयोजनले विदेश जाने गरेका नेपालीहरुले आफू रहेको देशमा आर्जन गरेको सीप र ज्ञान स्वदेशमै आइ त्यसलाई प्रयोगमा ल्याउने वातावरण बनाउन मुलुकका सम्बद्ध सबै क्षेत्र र व्यक्तिहरु लाग्नुपर्नेमा उहाँले जोड दिनुभएको हो।

उहाँले नेपाली भाषा र संस्कृतिका माध्यमबाट विश्वमा रहेका नेपाली तथा नेपालीभाषीहरुलाई एकीकृत गर्ने एएनओको अभियानको प्रशंसा गर्दै यसलाई आगामी दिनमा पनि निरन्तरता दिन सुझाउनुभयो।

त्यसअवसरमा राष्ट्रपति पौडेलले भानुभक्त आचार्यको जन्मस्थल तनहुँको चुँदीरम्घालाई नेपाली भाषाको तीर्थस्थल बनाउने अभियानमा आफू लागेको जानकारी पनि गराउनुभयो। उहाँले विश्वका विभिन्न देशमा रहेका नेपालीभाषीहरु एक पटक यहाँ पुग्नैपर्ने धारणाको विकास गरी यसलाई जीवन्त राख्न भानु जन्मस्थललाई नेपाली भाषा र साहित्यको तीर्थस्थल बनाउनुपर्नेमा उहाँको जोड थियो।

# सम्पत्ति शुद्धीकरण विधेयक राष्ट्रपतिबाट प्रमाणिकरण

**दैनिक समाचारदाता**
**काठमाडौं, ३० चैत।**

राष्ट्रपति रामचन्द्र पौडेलले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गरेका छन्।

उक्त विधेयक संसद्को दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपति कार्यालयमा पेस भएको थियो।

# निःशुल्क स्वास्थ्य उपचारको सुनिश्चितता सम्बन्धी संकल्प प्रस्ताव स्वीकृत

काठमाडौँ, ३० चैत (रासस)।

राष्ट्रियसभाको शुक्रबारको बैठकले 'निःशुल्क स्वास्थ्य उपचारको सुनिश्चिततासम्बन्धी' संकल्प प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला देवी पन्तले उक्त प्रस्ताव पेश गर्नुभएको थियो। उक्त प्रस्तावमाथि छलफलपछि राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले निर्णयार्थ प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको हो।

"सङ्कल्प प्रस्तावमा उल्लेखित विषयको कार्यान्वयनका सरकार र कार्यान्वयन भए/नभएको बारे अनुगमन गर्न सम्बन्धित विषयगत समितिलाई निर्देशन दिइन्छ", अध्यक्ष दाहालले निर्देशन दिँदै भन्नुभयो।

शुक्रबारको बैठकमा उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवले सङ्कल्प प्रस्तावमा उल्लेखित विषयलाई सरकारले कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउनुभयो। खोप सेवा, एकीकृत नवजात शिशु तथा बालरोग, कुपोषण, परिवार नियोजन, मातृ तथा नवजात शिशुलगायत विभिन्न नौ वटा शीर्षकमा स्वास्थ्य सेवा उपलब्ध भइरहेको बताउनुभयो। पालिकास्तरका स्वास्थ्यकेन्द्र निर्माण भइरहेको पनि उहाँले बताउनुभयो।

देशभरका २३ लाख ९४ हजार छ सय ९५ घरधुरीका ७७ लाख २७ हजार तीन सय ६३ जना स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध भएको पनि उहाँले बताउनुभयो। त्यसैगरी पाँच लाख १६ हजार एक सय १० जना अति विपन्न परिवारका व्यक्ति, आठ लाख ९४ हजार तीन सय १० जना ज्येष्ठ नागरिक, ३५ हजार पाँच सय ९६ जना एचआइभी संक्रमित, एक लाख ४२ हजार आठ सय जना अति असक्त अपाङ्ग, तीन हजार सात सय ४२ जना कुष्ठरोग संक्रमितलाई निःशुल्क स्वास्थ्य बिमा गरिएको बताउनुभयो।

विपन्न नागरिक औषधि उपचार कोष निर्देशिकाले उल्लेख गरेका कडा खालका रोगको उपचारका लागि रु एक लाखसम्म रकम उपलब्ध गराएको उहाँले बताउनुभयो। प्रमुख राजमार्ग छेउमा ट्रमा सेन्टर स्थापना गर्ने काम अघि बढेको स्वास्थ्यमन्त्री यादवले बताउनुभयो।

निःशुल्क स्वास्थ्य उपचारको सुनिश्चिततासम्बन्धी सङ्कल्प प्रस्तावमाथिको छलफलका क्रममा स्वास्थ्यलाई नागरिकको नैसर्गिक अधिकारका रुपमा संविधानमा राखिएको यसको कार्यान्वयनमा सरकार संवेदनशील बन्न नसकेको धारणा सांसद विष्णुकुमारी सापकोटाले राख्नुभयो। दुर्गम जिल्लाका महिलाहरुमा पाठेघरको समस्या निकै बढिरहेको उल्लेख गर्नुहुँदै सांसद सापकोटाले त्यहाँका स्वास्थ्य संस्थामा त्यसको उपचारको व्यवस्था गरिनुपर्ने बताउनुभयो।

## चैती छठ ...

साँझ गहुँ र चामलको पीठोबाट बनाइएका ठकुवा, भुसवा, खजुरिया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मुला, गाँजर, भोगटे, ज्यामिर, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढाक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशय वा नदी नजिक बनाएको छठ घाटसम्म पुग्छन्। षष्ठीका दिन व्रतीहरूले अस्ताउँदो सूर्यको आराधना गर्दै अर्घ्य अर्पण गर्ने परम्परा छ। त्यसको भोलिपल्ट सोमबार बिहान पुनः छठघाटमा पुगेर अघिल्लो दिनको क्रम दोहोर्याइ सूर्यलाई अर्घ्य दिएर छठसम्पन्न गर्ने धार्मिक परम्परा रहेको छ।

## धर्म प्रचार ...

परिवर्तन गराउने काममा सामेल हुँदै आएको गृह मन्त्रालयको निष्कर्ष छ। त्यस्ता कार्यक्रममा विना प्रवेशाज्ञा समेत हिँडडुल गर्ने गरेको भन्दै उनीहरूमाथि सूक्ष्म निगरानी बढाएर कानुनी कारबाही गर्न मन्त्रालयले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई सर्कुलर गरेको छ।

भर्ना खुल्यो। भर्ना खुल्यो॥ भर्ना खुल्यो ।।।

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
**Play Group to Class 9**
**"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"**

**हाम्रो विशेषताहरु**

– दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ।
– कम्प्युटर ल्याबको व्यवस्था भएको।
– विज्ञान प्रयोगशालाको व्यवस्था भएको।
– CC Camera को निगरानीमा पठनपाठन गराइन्छ।
– Monthly Test को व्यवस्था भएको।

**सम्पर्क फोन नं. ०३१-५९०१९२**
**मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)**
**मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१**

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*